# राष्ट्रिय आवास कम्पनी लि.

## योजना कार्यालय काँकरभिट्टा झापा

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)

मेचीनगर-८ जोरसिमल झापा

# घडेरी बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०२/०१

यस योजनाद्वारा जिल्ला झापा मेचीनगर-८ जोरसिमलमा सञ्चालित जोरसिमल आवास तथा बजार क्षेत्र र भद्रपुर न.पा.२ पृथ्वीनगर आवास तथा बजार क्षेत्र ( कार्यालय कम्पाउण्ड) को बिक्री हुन बाँकी केही घडेरीहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरिक एवं संघ संस्थाले आफूले खरिद गर्न चाहेको घडेरीको मूल्य अंक र अक्षरमा प्रष्ट उल्लेख गरी नागरिकताको फोटोकपी एवं संघ संस्था भए नवीकरण गरिएको फर्मको दर्ता प्रमाण पत्रको फोटोकपीसहित यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा आई तपशिलमा उल्लेखित शर्त र बन्देजमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

१) घडेरी जग्गा खरिद गर्न बोलपत्र फारम दस्तर रु ३०००/-(पछि फिर्ता नहुने)

२) प्रत्येक बोलपत्रको लागि बेग्लाबेग्लै बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले घडेरीको स्थलगत अवलोकन गर्नु पर्नेछ। घडेरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्नेछ।

३) खरिद गर्न चाहेको घडेरीको कबुल अंकको १० प्रतिशतले हुने रकम यस कम्पनीको नाममा रहेको नेपाल बैंक लिमिटेड काँकरभिट्टा शाखामा रहेको च.हि.नं.१०६००१००४७९०५२००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। बैंक भौचरको पछाडि बोलपत्रदाताको नाम, थर, ठेगाना, मोबाइल नं. र आफूले खरिद गर्न चाहेको घडेरीको कित्ता नं. र क्षेत्रफल उल्लेख गर्नुपर्नेछ।

४) बोलपत्र योजना कार्यालय काँकरभिट्टा र के.का. बुद्धनगर काठमाडौंबाट खरिद गर्न सकिनेछ।

५) बोलपत्र ३० औं दिनभित्र कार्यालय समयमा पेश गरिसक्नु पर्नेछ।

६) बोलपत्र ३१ औं दिन दिनको २.०० बजेपछि योजना कार्यालय काँकरभिट्टामा खोलिनेछ।

७) बोलपत्र साथ रु. १०/- नगद नत्थी गर्नुपर्नेछ।

८) बोलपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सो कार्य गरिनेछ।

९) घडेरी खरिदको लागि छनौट भएको बोलपत्रको बाँकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृत भई सूचना दिएको मितिले ३० दिन भित्र सि.नं. ३ मा उल्लेखित खातामा जम्मा गर्नुपर्नेछ। तोकिएको समयमा बाँकी रकम नबुझाए धरौटी रकम जफत गरिनेछ र घडेरीको दाबी गर्न पाउने छैन।

१०) प्राप्त बोलपत्रहरु बोलपत्रदाता र निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।

११) बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।

१२) अन्य कुरा कम्पनीको नियम र प्रचलित ऐन नियम अनुसार हुनेछ।

१३) विस्तृत जानकारीको लागि यो.का.को मोबाइल नं. ९८४८६१२७७४ र के का.को फोन नं.०१-४७९०५३२ र ०१-४७९०५२१ मा सम्पर्क गर्न सकिनेछ।

## बिक्री गरिने जग्गाको विवरण

### जोरसिमल आवास तथा बजार क्षेत्र मेचीनगर ८ जोरसिमल

| क्र.सं. | श्रेणी | कित्ता नं. | क्षेत्रफल (ब.मी.) | न्यूनतम बिक्री मूल्य प्रति ब.मी | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| १ | उच्च | २४४८ | ५०३.०० | ५,४५७/५० | २७,४५,१२२/५० |
| २ | उच्च | २४४९ | ५०३.०० | ५,४५७/५० | २७,४५,१२२/५० |
| ३ | मध्यम | २४३७ | २६०.०० | ५,११७/०० | १३,३०,४२०/०० |

### पृथ्वीनगर आवास तथा बजार क्षेत्र भद्रपुर २

| क्र.सं. | श्रेणी | कित्ता नं. | क्षेत्रफल (ब.मी.) | न्यूनतम बिक्री मुल्य प्रति ब.मी | जम्मा मुल्य |
|---|---|---|---|---|---|
| १ | ख | ११४७ | २५५.१५ | १,९६३/५० | ,५००,९८७/२५ |
| २ | ग | १०९० | १७०.०० | १,८४८/०० | ३,१४,१६०/०० |
| ३ | ग | १०९५ | १७०.०० | १,८४८/०० | ३,१४,१६०/०० |
| ४ | ग | १०९६ | १७०.०० | १,८४८/०० | ३,१४,१६०/०० |
| ५ | घ | १०८३ | १७०.०० | १,६१७/०० | २,७४,८९०/०० |
| ६ | घ | १०८४ | १७०.०० | १,६१७/०० | २,७४,८९०/०० |
| ७ | घ | १०८५ | १७०.०० | १,६१७/०० | २,७४,८९०/०० |

**राष्ट्रिय आवास कम्पनी लि.**
योजना कार्यालय, झापा

-४, झापा। फोन : ०२३-५३५०२८ | Gmail : ijalaasdaily@gmail.com |
धि : ९८५२६३५०२८। सम्पादक : प्रदीप परियार

# बिर्तामोडका कृषकलाई बाख्रा वितरण



**बिर्तामोड ।** बिर्तामोड नगरपालिकाले वडा नम्बर ७ मा रहेको सिताराम मन्दिर टोल कृषक समूहलाई बाख्रा वितरण गरेको छ ।

मेयर पकेट प्याकेज ग्रामिण बाख्रा साटासाट कार्यक्रम अन्तर्गत आज १५ जना कृषकलाई ४५ वटा बाख्रा वितरण गरेको हो । प्रतिकृषक ३ वटाका दरले बिमा गरिएका बाख्रा वितरण गरिएको हो । उक्त समूहलाई एउटा उन्नत जातको बिउ बोकासमेत वितरण गरिएको छ ।

बाख्रा साटासाट कार्यक्रम बिर्तामोडमा २०७४ सालदेखि सन्चालनमा छ । बिर्तामोडमा १८ वटा बाख्रा कृषक समूह छन् । कार्यक्रम सुरुभएदेखि अहिलेसम्ममा ८ सय १० वटा बाख्रा वितरण गरिसकिएको नगरका पशुपंछि तथा मत्स्य विकाश शाखा प्रमुख डा. नगेन्द्र खड्काले जानकारी दिनु भयो ।

कार्यक्रमकी प्रमुख अतिथि नगर प्रमुख पवित्रा महतारा प्रसाईले थोरै भएपनि आय स्रोतको लागि बाख्रा साटासाट कार्यक्रम प्रभावकारी रहेको बताउनु भयो । यो कार्यक्रमले जीवनस्तर उकास्न सघाउ पुर्याउने बताउनु भयो । नगर प्रमुख प्रसाईले बाख्रा पालनलाई उत्पादनमुलक बनाउन जोड दिनुभयो ।

यस्तै कार्यक्रममा बोल्दै वडा नम्बर ७का वडाअध्यक्ष अविरल कृष्ण खरेलले कार्यक्रममा औषधी उपचार, बिमाको सुविधा रहेकोले बाख्रामा कुनै क्षति नहुने बताउनु भयो । उहाँले स्वरोजगारसँगै व्यवसायिक बन्न सबैलाई आग्रह गर्नु भयो । आर्थिक विकास समिती संयोजक तथा कार्यपालिका सदस्य सगिता सिवाको अध्यक्षतामा सिताराम मन्दिर टोलमा आयोजित कार्यक्रममा कार्यपालिका सदस्य सिता हुमागाई विक, शाखा अधिकृत सावित्रा दाहालगायतको उपस्थिति रहेको थियो ।

## हावाहुरीले घर भत्किदा हल्दिवारीमा एकको मृत्यु

**बिर्तामोड ।** झापाको हल्दिवारी ५ मा बुधबार राती आएको हावाहुण्डरीमा परेर एक जनाको मृत्यु भएको छ । हावा हुण्डरीले हल्दिवारी गाउँपालिका वडा न.५ त्रिवेणी चोक बस्ने ६५ वर्षीय मान बहादुर मगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

उनको आफ्नै टिनको छाना भएको टाडेघरमा सुति रहेको बेला हावाहुरीले घर भत्काउदा भित्ते थिच्दा मृत्यु भएको हो । भित्ते थिचेको अवस्थामा स्थानीयले देखेर बाहिर निकाल्दा उनको मृत्यु भई सकेको थियो ।

## पाथीभरा...

गर्दै न्यायाधीश सारंगा सुवेदीको एकल इजलासले केबलकार निर्माण तत्कालका लागिअघि नबढाउनू भनी विपक्षीहरूका नाममा अल्पकालीन आदेश जारी गरेको थियो । आदेशसँगै केबल कार निर्माणको काम रोकिएको थियो । सो आदेशका विषयमा हिजो भएको सुनुवाइमा न्यायाधीशद्धय सुवेदी र मुसलमानले निरन्तरता अल्पकालीन आदेशलाई निरन्तरता नदिने आदेश दिएको छ ।


पाथीभरामा पाथीभरामा केबलकार निर्माणले मुन्धुमी स्थलको अतिक्रमण भएको र यसले मुन्धुमी संस्कृति माथि प्रहार भएको भन्दै पाथीभरा क्षेत्रमा आन्दोलन समेत हुँदै आएको छ । आन्दोलनका क्रममा प्रहरी र प्रदर्शनकारीका बिचमा पटक पटक झडप समेत हुँदै आएको छ ।

निजी कम्पनीले पाथीभरामा केवल कार निर्माण गर्दा यहाँको जैविक विविधता समेत सङ्कटमा पर्ने भन्दै सो नो केवलकार आन्दोलन जारी छ । उक्त मुद्दामा रिट निवेदकको तर्फबाट अधिवक्ता प्रेमचन्द्र राई...



खेतीको
नेपालमा
...नसम्म पुग्ने
...तावरण
...गि सुपारी
...री किसान
...ग गर्ने
स्थानीय
राख्नुभयो ।
मोरङ र
...गू गरेर
...उनुहुन्छ ।
...भइरहेको
निर्णय

## ...का



...क दलका
। उहाँले
...को बुझेर
...थ्यो ।
समाधान
...क मदन
समस्या
पुर्वाग्रह
...जनीतिक
...ह गर्नु
...र्यक्रममा
प्रसाद
अधिकृत
लगायत


## राष्ट्रिय आवास कम्पनी लि.
### योजना कार्यालय काँकरभिट्टा झापा
(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
मेचीनगर-८ जोरसिमल झापा

### भुल चुक सच्याइएको सूचना

(सूचना प्रकाशित मिति २०८२।०२।०१)

इजलास राष्ट्रिय दैनिक पत्रिकामा यस कम्पनीद्वारा मिति २०८२।०२।०१ गते घडेरी बिक्रीको सूचना प्रकाशित गर्दा जोरसिमल आवास तथा बजार क्षेत्रको क्र.सं.४ छुट हुन गएकोले निम्नानुसार सच्याईएको व्यहोरा सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| क्र.सं. | श्रेणी | कित्ता नं. | क्षेत्रफल (ब.मी.) | न्यूनतम बिक्री मूल्य प्रति ब.मी | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| ४. | शैक्षिक क्षेत्र | २५३० | १९१५.०० | ५०८२।- | ९७,३२,०३०।- |

नोट : प्रचलित कानुन बमोजिम दर्ता भएका शैक्षिक संस्थाहरूले मात्र बोलपत्र पेश गर्न पाउने छन् ।



## बिर्तामोड नगरपालिकाको
### अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ । बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं ।

बिर्तामोड नगरपालिका